"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty - Mahalaxmi Municipality"
# महालक्ष्मी नगरपालिका
# Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No.):
चलानी नं. (Reg. No.):

मिति २०८१/०६/१६
ने.स. ११४४ ञंलागा, औशी बुधबार

आपसी समन्वयमा सहयोग गर्ने सम्बन्धमा महालक्ष्मी नगरपालिकाको जरुरी सूचना

हालैको अविरल वर्षाले प्रभावित यस महालक्ष्मी नगरपालिका क्षेत्रभित्र समेत वाढी पहिरो जस्तो प्राकृतिक विपत्तीबाट थुप्रै धनजनको क्षती भएको छ, नगरपालिका उद्धार, राहत एवम् पुनर्स्थापनाका लागि आफ्नो साधन श्रोतलाई अधिकतम परिचालन गर्दै आपसी सहयोग, समन्वय र सहकार्यको माध्यमले संघीय सरकार एवम् प्रदेश सरकार समेतको नीति निर्देशन र सहयोगबाट विद्यमान दु:खदायी घटनाको व्यवस्थापनमा अग्रसर छ ।

यस विषम परिस्थितिमा मानवीय समबेदनालाई महत्व दिई हाम्रा क्रियाकलाप संचालन गर्नु जरुरि हुन्छ, स्थानीय सरकार हुनुको हैसियत भन्दा अनुभूति गराउने गतिविधिमा आफुलाई केन्द्रित गर्दै आफ्नो भौगोलिक क्षेत्रभित्र हुने कुनै पनि राहत सहयोग र उद्धार वा यस संग सम्बन्धित सबै खाले काममा बेखवर रहन सक्दैन । तथापी राहत सहयोग र उद्धारका नाउँमा केहि संघ संस्था र व्यक्तिले नगरपालिका, सम्बन्धित वडा संग समन्वय नगरी आफु खुशी विभिन्न क्रियाकलापहरु गरे-गराएको जनगुनासो प्राप्त भई रहेको विषयमा हाम्रो ध्यानाकर्षण भएको छ, यसै सन्दर्भमा २०८१/०६/१६ गते सम्पन्न नगर स्तरीय विपद् व्यवस्थापन समितिले समेत विपद् प्रभावित क्षेत्र वा व्यक्तिलाई कुनै प्रकारको सहयोग उपलब्ध गराउनु परेमा सम्बन्धित वडा वा नगरपालिकासंग अनिवार्य समन्वय गरेर मात्र त्यस्तो कार्य गर्न-गराउन सम्वद्ध सबै सहयोगी संघ-संस्था, महानुभावहरुमा जानकारी गराउने निर्णय गरेको हुँदा सहयोग गर्न इच्छुक संघ-संस्था, महानुभावहरुलाई नगरपालिका वा सम्बन्धित वडासंग समन्वय गरेर मात्रै त्यस्ता गतिविधि गर्न गराउनु हुन अनुरोध गरिन्छ ।

हरिगोविन्द श्रेष्ठ
(नगर प्रमुख)

हरि गोविन्द श्रेष्ठ
नगर प्रमुख